आज मिति २०८१ साल भाद्र २० गते बिहिवारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ४५ औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | लक्ष्मी प्रसाद बास्कोटा | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| २६. | वो.वो. अध्यक्ष | ıı | सन्तोष ढकाल | | |

## २०८१/०५/२० गतेको नगर कार्यपालिकाको ४५ औं बैठकका निर्णयहरु

एजेन्डाहरू

१. मिति २०८१/०४/२८ गतेको कार्यपालिकाको ४४ औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. श्री पुमोरी इन्फ्राटेक कन्स्ट्रक्सन प्रा.लि. मण्डनदेउपुर-०६ र श्री संस्कृति कन्स्ट्रक्सन एण्ड इन्फ्राटेक प्रा.लि. मण्डनदेउपुर-०६ काभ्रेलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।
३. छानविन समितिको प्रतिवेदन सम्बन्धमा।
४. आ.व. २०८०/०८१ को वार्षिक समीक्षा बैठक सम्बन्धमा।
५. नगरपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धमा।
६. बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०८१ र अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण एवं सीपमूलक तालीम कार्यान्वयन कार्यविधि २०८१ सम्बन्धमा।
७. मण्डनदेउपुर आधारभूत अस्पतालमा ल्याव असिस्टेण्टको व्यवस्थापन गर्ने सम्बन्धमा।
८. नगरकोट-खस्रे-नयाँगाउँ सडक, फेदी-चण्डेनी सडक र फेदी-ढाँइटार सडक समपुरक योजना ठेक्का सूचना गर्ने सम्बन्धमा।
९. विदा अनुमोदन सम्बन्धमा।
१०. नगरपालिका सभाहलको कुर्सीको आकार प्रकार परिवर्तन र मूल्य नयाँ कायम गर्ने सम्बन्धमा।
११. आ.व. २०८१/०८२ को निर्माण कार्यको दर Rate Analysis स्वीकृत गर्ने सम्बन्धमा।
१२. फोहोर व्यवस्थापन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट माग भई आएको प्रतिवेदन सम्बन्धमा।
१३. शहरी पूर्वाधार निर्माणको सम्भाव्यता अध्ययनका लागि केन्द्र छनौट सम्बन्धमा।
१४. प्राङ्गारिक मल प्रशोधन केन्द्र निर्माणका लागि निर्माणस्थलको जग्गा किटानी गर्न गठित कार्यदलको म्याद थप गर्ने सम्बन्धमा।
१५. विविधः
    क. वडा नं. ७ कुन्तावेशीमा चिस्यान केन्द्र स्थापनाका लागि भारतीय राजदुतावासँग सहयोग माग गर्ने सम्बन्धमा।
    ख. जापानको फूजिनोमिया नगरपालिकाका प्रतिनिधिसँग Zoom Meeting मा भएका विषयबस्तुहरुको जानकारी सम्बन्धमा।

### निर्णयहरु

#### निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८१/०४/२८ गतेको ४४ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

#### निर्णय नं.२

विभिन्न निकायमा दर्ता कायम भएका देहायका फर्म/कम्पनीहरुले 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रको माग गरेकोमा पेश भएका प्रस्तावहरुको मण्डनदेउपुर नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (२) बमोजिम गठित प्राविधिक जाँचबुझ तथा सिफारिस

समितिको सिफारिस निर्णय बमोजिम ऐ. कार्यविधिको ऐ. दफाको उपदफा (४) बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

| क.स. | घ वर्गको निर्माण व्यवसायी माग गर्ने फर्म/कम्पनीको नाम | ठेगाना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | पुमोरी इन्फ्राटेक कन्स्ट्रक्सन प्रा.लि. | म.दे.न.पा-६ | गोकुल न्यौपाने |
| २. | संस्कृति कन्स्ट्रक्सन एण्ड इन्फ्राटेक प्रा.लि. | म.दे.न.पा-६ | सुनिल चौलागाई |

निर्णय नं.३

नगर कार्यपालिकाको मिति २०८१/०४/२८ गतेको बैठकको निर्णय बमोजिम वडा नं. ९ निवासी स्व. यसोदा सापकोटाको मृत्यु भएको सम्बन्धमा गठित छानविन समितिले पेश गरेको प्रतिवेदन उपर बैठकमा छलफल गरियो। साथै, प्रतिवेदनमा उल्लेख भएका अन्य कार्यको लागि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

मिति २०८१/०५/२८ गते शुक्रबार मण्डनदेउपुर नगरपालिकाबाट आ.व. २०८०/०८१ मा गरिएका कार्यहरुको सम्बन्धमा प्रस्तुतीकरण सहितको वार्षिक समीक्षा बैठक आयोजना गर्ने निर्णय गरियो। साथै, उक्त बैठकमा नगरपालिकामा कार्यरत/क्रियाशिल अन्य सरकारी/गैर सरकारी संस्था समेतलाई आमन्त्रण गरी तत् तत् संस्थाहरुको प्रगति विवरणको पनि वार्षिक समिक्षा गर्ने निर्णय गरियो।

निर्णय नं.५

यस नगरपालिका र मातहतका कार्यालयबाट प्रवाह भएका बस्तु तथा सेवाको सम्बन्धमा नागरिक प्रतिक्रियाको लागि मिति २०८१/०६/१५ गते मङ्गलबार नगरस्तरीय सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो।

निर्णय नं.६

मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट पेश भएको मण्डनदेउपुर नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१ तथा मण्डनदेउपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण एवं सीपमूलक तालिम कार्यान्वयन कार्यविधि, २०८१ उपर दफावार छलफल गरी संशोधन सहित स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं.७

मण्डनदेउपुर आधारभुत अस्पतालमा कार्यरत ल्याव असिस्टेन्ट सुनिता लामा हाल प्रसुती विदामा रहेको हुदाँ नगर अस्पतालबाट प्रदान भइरहेको २४ सै घण्टा ल्याव सेवा प्रभावित हुने भएकोले निज ल्याव असिस्टेन्ट सुनिता लामा अस्पतालमा फर्की नआँउदासम्मको लागि दैनिक ज्यालादारीमा एक जना ल्याव असिस्टेन्टलाई कामकाजमा लगाउने निर्णय गरियो।

निर्णय नं.८

सङ्घीय तथा प्रदेश समपुरक अनुदान अन्तर्गतको नगरपालिका मार्फत सञ्चालन हुने फेदी-ढाइटार वैकल्पिक सडक, नगरकोट-खस्रे- नयागाँउ सडकको खस्रे-सिङ्गे खण्ड तथा फेदी-चण्डेनी-छाप सडक आयोजनाहरुको लागत

अनुमान विनियोजित बजेट रकम भन्दा बढि भएकोले अपुग हुने रकम भैपरी आउने विविध योजना खर्च शिर्षकबाट व्यवस्थापन गर्ने गरी ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं.९
मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयले मिति २०८१/०५/१७ गते कुशे औंसी (बुबाको मुख हेर्ने) दिनको अवसरमा नगरपालिका क्षेत्रभित्र दिइएको सार्वजनिक विदा अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.१०
मण्डनदेउपुर नगरपालिकाको निर्माणाधिन नगर सभाहलको निर्माणका क्रममा पूर्वनिर्धारीत कुर्सीको स्पेसीफिकेशन तथा आकार परिवर्तन गर्नुपरेकोले सभाहल डिजाइन गर्ने परामर्शदाताले गरेको प्रस्ताव बमोजिमको कुर्सीको डिजाइन, आकार र स्पेसीफिकेशन स्वीकृत गर्ने र सो बमोजिम कुर्सीको मूल्य कायम गर्नका लागि प्राविधिक सहितको एक कार्यदल गठन गरी बजार अध्ययन गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.११
आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिका क्षेत्रभित्र सार्वजनिक निर्माण कार्यको लागि दर Rate Analysis स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं.१२
फोहोरमैला व्यवस्थापन सम्बन्धमा सम्मानित सर्वोच्च अदालत मुद्दा तथा रिठ महाशाखाको च.नं. ४८१९ मुद्दा नं. ०७५-WO-०८८७ मिति २०८१/०५/१३ को पत्रबाट माग भएको प्रतिवेदनका सम्बन्धमा आवश्यक छलफल गरियो र माग बमोजिम प्रतिवेदन तयार गरी समयसिमा भित्र पठाउन नगरकार्यपालिकाको कार्यालय तथा वातावरण तथा विपद व्यवस्थापन शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.१३
बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोकको च.नं. ६८ मिति २०८१/०५/१७ गतेको पत्रबाट पालिका केन्द्र तथा बजारकेन्द्रको शहरी पूर्वाधार निर्माणको सम्भाव्यता अध्ययन गर्ने कार्यको लागि स्थानीय तहको प्राथमिकता रहेको पालिका तथा सम्भावित बजार केन्द्रको विवरण माग भई आएको सम्बन्धमा देहाय बमोजिमको पालिका केन्द्र तथा सम्भावित बजार केन्द्रको विवरण पठाउने निर्णय गरियो:

क. कुन्तावेशी-रानीटार मकैटार फेदी फलिटको बोट क्षेत्र
ख. नगरकोट बजार क्षेत्र
ग. सिपाघाट बजार क्षेत्र

निर्णय नं.१४
नगरकार्यपालिकाको मिति २०८१/०३/२३ गतेको बैठकको निर्णय बमोजिम प्राङ्गरिक मल प्रशोधन केन्द्र निर्माणका लागि निर्माणस्थलको जग्गा किटानी गर्न गठित कार्यदलको म्याद मिति २०८१ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं.१५ विविध

क. कृषकले उत्पादन गरेका तरकारी, खाद्यान्न लगायतका कृषि उपजको उचित भण्डारण गर्न वडा नं. ७ कुन्तावेशीमा शितभण्डार आवश्यक देखिएको हुँदा सो स्थापनाका लागि भारतीय दुतावासँग सहयोग माग गर्ने निर्णय गरियो।

ख. मित्र राष्ट्र जापानको फुजिनोमिया नगरपालिकाका प्रतिनिधि र यस नगरपालिकाका उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिचको zoom Meeting मा भएका विषयवस्तुहरु बैठकमा जानकारी सहित छलफल गरियो।

ग. मण्डनदेउपुर नगरपालिका वडा नं. ३ का वडा सदस्य श्री गीता दमाई मोटरसाइकल दुर्घटनामा परी घाइते भई उपचाररत रहनु भएको हुदाँ उहाँको शीघ्र स्वास्थ्य लाभको कामना सहित नगरपालिकाको तर्फबाट रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैंया मात्र) र वडा नं. ११ निवासी समिर तामाङलाई उपचार खर्च रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैंया मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

घ. मण्डनदेउपुर नगरपालिकाको वडा नं. १२ स्थित श्री वाग्देवी माध्यमिक विद्यालय, देउरालीले चर्चेको जग्गा जिल्ला नापि कार्यालय, काभ्रेपलाञ्चोकबाट उपलब्ध गराइएको प्रस्तावित नक्सा अनुसारकै जग्गा विद्यालयको नाममा कायम गरी जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराइदिनुहुन जिल्ला नापी कार्यालय, काभ्रेपलाञ्चोकलाई सिफारिस गर्ने निर्णय गरियो।

ङ. यस नगरपालिका क्षेत्रभित्रका देहाय बमोजिमका सडकहरु मर्मतका लागि सडक बोर्डलाई अनुरोध गर्ने निर्णय गरियो।

- कुन्तावेशी नयाँगाउ नगरकोट सडकको कुन्तावेशी चाखोला पुलको नदिले कटान गरेको क्षेत्र र महाकाली मा.बि. चैनपुर अगाडि पहिरो गएको क्षेत्र मर्मत
- थानडाँडा-चण्डेनी-बैंपधारी सडक मर्मत

च. यस वर्ष आएको बाढी पहिरोले क्षति पुर्‍याएको स्थानमा बाढी पहिरो रोकथामका लागि तारजाली/ग्याबिन आवश्यक पर्ने भएको हुदाँ बिपद व्यवस्थापन कोषबाट रु. ३०,००,०००/- (अक्षरुपी तिस लाखे रुपैंया मात्र) बराबरको ताजाली/ग्याबिन खरिद गरी वितरण गर्ने निर्णय गरियो।

छ. यस नगरपालिका क्षेत्रको फेदी-चण्डेनी-छाप सडक मर्मत सुधार गर्नका लागि लागत अनुमान तयार गर्न निर्देशन दिने निर्णय गरियो।